# नेपास बाल स्वास्थ्य परिचारिका अनुसन्धान अनुदान

**[NEPAS Paediatric Nursing Research Grant]**

## सञ्चालन कार्यविधी-२०८०

(नेपाल पेडियाट्रिक सोसाइटी केन्द्रीय कार्य समितिबाट अनुमोदित मिति: २०८० श्रावण २७ गते)

**नेपाल पेडियाट्रिक सोसाइटी (नेपास)-२०८०**

**प्रस्तावना:**

मुलुक भित्र बाल स्वास्थ्यका क्षेत्रमा कार्यरत विभिन्न स्तरका स्वास्थ्य कर्मीहरू लाई बाल स्वास्थ्य सम्बन्धी अनुसन्धान र अन्वेषणमा बढी भन्दा बढी सहभागी गराई नेपाल पेडियाट्रिक सोसाइटीलाई बाल स्वास्थ्य अनुसन्धानको उत्कृष्ट थलोका रूपमा विकास गर्दै जाने उद्देश्य अनुरूप बाल स्वास्थ्यका क्षेत्रमा विशेषज्ञता प्राप्त एवं नेपालमा कार्यरत बाल स्वास्थ्य परिचारिकाहरू (Paediatric Nurses) लाई प्रोत्साहन स्वरूप अनुसन्धान अनुदान प्रदान गर्नका लागी नेपाल पेडियाट्रिक सोसाइटीको विधान २०४३(संशोधन समेत) ले दिएको अधिकार प्रयोग गरी अनुसन्धान अनुदान लाई व्यवस्थित रूपमा सञ्चालन गर्न वाञ्छनीय भएकोले यो **"नेपास बाल स्वास्थ्य परिचारिका अनुसन्धान अनुदान कार्यविधि २०८०"** तर्जुमा गरी लागू गरिएको छ।

## परिच्छेद-१

### १. संक्षिप्त नाम र प्रारम्भ

(क) यस कार्यविधिको नाम "नेपास बाल स्वास्थ्य परिचारिका अनुसन्धान अनुदान (NEPAS Paediatric Nursing Research Grant) कार्यविधि-२०८०" रहेको छ।

(ख) यस नेपास बाल स्वास्थ्य परिचारिका अनुसन्धान अनुदानको कूल धन राशी वार्षिक रु २०,००० (अक्षेरेपी रु बिस हजार मात्र) रहेको छ।

(ग) यो अनुसन्धान अनुदान बाल स्वास्थ्यमा स्नातकोत्तर (MN Paediatric Nursing) गरेका वा सो बिधा बाट कुनै पनि अवेदन नआएमा बाल स्वास्थ्यमा स्नातक (Bachelor in Pediatric Nursing) गरेका इच्छुक बाल स्वास्थ्य परिचारिकाहरूबाट प्राप्त बाल स्वास्थ्यका क्षेत्रमा आधारित उत्कृष्ट अनुसन्धान प्रस्तावना (Research Proposal) लाई प्रदान गरिनेछ।

(घ) नेपाल पेडियाट्रिक सोसाइटीबाट प्रथम पटक शुरु गर्न लागिएको यो अनुसन्धान अनुदानलाई भविष्यमा निरन्तरता दिँदै यसको दायरा तथा धनराशि बढाउँदै जाने योजना रहेको छ।

(ङ) यो कार्यविधि नेपाल पेडियाट्रिक सोसाइटीको केन्द्रीय कार्य समितिले अनुमोदन गरेपछि तत्काल लागू हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा –

(क) "विधान" भन्नाले नेपासको विधान, २०४३ (संशोधित विधान २०७५ समेत) लाई सम्झनु पर्नेछ।

(ख) "कार्यविधि" भन्नाले "नेपास बाल स्वास्थ्य परिचारिका अनुसन्धान अनुदान (NEPAS Paediatric Nursing Research Grant) कार्यविधि २०८०" लाई जनाउनेछ। छोटकरीमा यसलाई NEPAS-PNRG भनेर सम्बोधन गरिनेछ।

(ग) "बाल स्वास्थ्य परिचारिका" (Paediatric Nurse) भन्नाले मान्यता प्राप्त शिक्षण संस्थाबाट नर्सिङ विधाको बाल स्वास्थ्यमा स्नातकोत्तर (Master in Pediatric Nursing) अथवा स्नातक (Bachelor in Pediatric Nursing) गरी नेपाल नर्सिङ काउन्सिलमा दर्ता भएको स्वास्थ्य कार्यकर्तालाई बुझाउनेछ।

(घ) "सोसाइटी" भन्नाले नेपाल पेडियाट्रिक सोसाइटी लाई सम्झनु पर्नेछ।

(ङ) "समिति" भन्नाले यसै कार्यविधि को परिच्छेद-२ को दफा ६ बमोजिमको समितिलाई बुझाउने छ।

३. **उद्देश्य**

नेपाल भित्र बाल स्वास्थ्यका क्षेत्रमा कार्यरत बाल स्वास्थ्य परिचारिकाहरूलाई स्वास्थ्य प्रादायक केन्द्रहरूमा सेवा प्रवाहमा मात्र सीमित नभै बाल स्वास्थ्यमा अध्ययन अध्यापन एवं अनुसन्धात्मक क्रियाकलापमा सक्रिय सहभागिताका लागि प्रोत्साहन गर्नु हो।

## परिच्छेद-२

४. **अनुसन्धानका विषयहरू**

(क) नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयद्वारा बाल स्वास्थ्यका क्षेत्रमा तोकिएका प्राथमिकताका विषयहरू।

(ख) नेपाल स्वास्थ्य अनुसन्धान परिषदद्वारा बाल स्वास्थ्यका क्षेत्रमा तोकिएका प्राथमिकताका विषयहरू।

(ग) नेपाल पेडियाट्रिक सोसाइटीद्वारा आवश्यकतानुसार अनुसन्धानका लागि प्रतिपादित गरिएका विषयहरू।

(घ) बाल स्वास्थ्य सँग सम्बन्धित अन्य विविध बिषयहरु।

५. **अनुसन्धान अनुदानका लागि योग्यता**: अनुसन्धान अनुदानका लागि आवेदन दिन चाहने उम्मेदवारले यसै कार्यविधिको अनुसूची २ मा उल्लेख भए बमोजिमको न्यूनतम योग्यता पुरा गरेको हुनु पर्नेछ।

६. **अनुसन्धान सञ्चालक समिति:** नेपाल पेडियाट्रिक सोसाइटीद्वारा अनुदान दिइएका सम्पूर्ण अनुसन्धानहरूको सञ्चालन एवं अनुगमनका लागी नेपासको "अनुसन्धान अनुदान सञ्चालक समिति" ले सञ्चालक समितिको भूमिका निर्वाह गर्नेछ।

७. **अनुसन्धान अनुदान सञ्चालक समितिको काम, कर्तव्य र अधिकार:**

(क) नेपासको वार्षिक क्यालेन्डरमा तोकिए बमोजिम अनुसन्धान प्रस्तावना पत्र (Research Proposal) को आह्वानका लागी समयमै सूचना जारी गर्ने।

(ख) रीतपूर्वक प्राप्त अनुसन्धान प्रस्तावना पत्रहरूको अध्ययन एवं विश्लेषण गरी, मापदण्ड अनुसार उत्कृष्ट ठहरिएको प्रस्तावना पत्रलाई अनुसन्धान अनुदानको सिफारिस सहित नेपासको केन्द्रीय कार्य समितिमा पेश गर्ने।

(ग) अनुसन्धान सञ्चालक समितिको सिफारिसमा नेपासको केन्द्रीय कार्य समितिबाट अनुसन्धान अनुदानको लागी स्वीकृति प्रदान गरिएको अनुसन्धान प्रस्तावना पत्र (Research Proposal) लाई औपचारिक रूपमा सूचित गर्ने।

(घ) अनुसन्धान अनुदान सञ्चालक समितिको सिफारिसमा नेपासको केन्द्रीय कार्य समितिको निर्णय अन्तिम मानिनेछ।

८. **अनुसन्धान अनुदान सम्झौता पत्रः** नेपासको केन्द्रीय कार्य समितिबाट अनुसन्धान अनुदानको लागी स्वीकृति प्रदान गरिएको अनुसन्धान प्रस्तावना पत्र (Research Proposal) का प्रमुख अनुसन्धानकर्ता र नेपासका प्रतिनिधि बीच अनुसन्धान कार्य शुरु गर्न अघि यसै कार्यविधिको अनुसूची १ मा उल्लेख भए बमोजिमको सम्झौता पत्रमा हस्ताक्षर गरी सम्झौता पत्रको आदान प्रदान गरिनेछ।

९. **अनुसन्धान अनुदान रकम हस्तान्तरणः** नेपासको केन्द्रीय कार्य समितिबाट अनुसन्धान अनुदानको लागी स्वीकृति प्रदान गरिएको अनुसन्धान प्रस्तावना पत्र (Research Proposal) का प्रमुख अनुसन्धान कर्तालाई स्वीकृत रकम देहाय बमोजिम तीन किस्तामा प्रदान गरिनेछ :-

(क) पहिलो किस्ताः अनुसन्धान अनुदान सम्झौता पत्रमा दुबै पक्षको हस्ताक्षर भए पश्चात् अनुसन्धान सुरु गर्दाका बखत कुल रकमको ५०%।

(ख) दोस्रो किस्ताः अनुसन्धान कार्यको प्रस्तावित समय सीमाको मध्य भागमा कुल रकमको २५%।

(ग) अन्तिम किस्ताः अनुसन्धान सम्पन्न गरी प्रमुख अनुसन्धान कर्ताले अनुसन्धानको अन्तिम प्रतिवेदन नेपासलाई हस्तान्तरण गरे पश्चात् बाँकी २५% रकम।

## परिच्छेद-३ (विविध)

१०. **संरक्षक सम्बन्धी व्यवस्था**: नेपासका अध्यक्ष यस अनुसन्धान अनुदानको संरक्षक हुनेछन् र तथा यसको नैतिक जिम्मेवारी नेपास अध्यक्ष एवं अनुसन्धान अनुदान सञ्चालक समितिका सदस्यहरूले लिनेछन।

११. **अनुदान राशी सम्बन्धी व्यवस्थाः** नेपाल पेडियाट्रिक सोसाइटीको संशोधित विधान २०७५ को परिच्छेद-२ दफा ७ (छ) मा बाल स्वास्थ्य सँग सम्बन्धित विषयहरूमा शोध तथा अनुसन्धान कार्यहरू गर्ने भनी लेखिएको तथा सोही ऐन को उप दफा (घ) माः सोसाइटी सञ्चालनको निम्ती अनुदान, चन्दा वा दान दातव्य ग्रहण गर्ने र उप दफा (ङ): मा सोसाइटीको कामको निम्ती कुनै पनि राष्ट्रिय र अन्तरराष्ट्रिय संस्था वा निकाय, व्यक्तिसँग नगद जिन्सी तथा प्राविधिक सहयोग अनुदान लिने भन्ने पनि लेखिएकोले उपलब्ध विभिन्न अनुदानहरु लाई दाताहरुको इच्छा तथा नेपासको नियमित बजेटबाट पनि केही रकम छुट्याई, नेपास केन्द्रिय समिती सँगको छलफल पस्चात शोध तथा अनुसन्धान कार्यहरू गर्न गराउन यो लगायत अन्य अनुदान रकमहरु दिने बिषय अनुमोदित भएकोले यो अनुदान रकम दिने निर्णय गरिएको छ।

१२. **संशोधन तथा खारेजीः** कार्यविधिका कुनै पनि दफा, उप दफाहरूलाई समय सापेक्ष परिमार्जन, संशोधन वा खारेजी गर्नु परेमा नेपासको योजना, अनुसन्धान तथा विस्तार समितिले आम सहमतिमा निर्णय गरी केन्द्रीय कार्य समितिमा सिफारिस गर्ने र नेपासको केन्द्रीय कार्य समितिको बैठकले अनुमोदन गरेमा संशोधन वा खारेजी हुनेछ।

१३. **बाधा अड्काउ फुकाउने अधिकारः** यो कार्यविधि लागू भएपछि यसमा लेखिए जति कुरा यसै बमोजिम हुनेछ भने यसमा नलेखिएका कुरा योजना, अनुसन्धान तथा विस्तार समितिको निर्णय बमोजिम हुनेछ। साथै कुनै विवादास्पद विषय

भएमा योजना, अनुसन्धान तथा विस्तार समितिले आवश्यकतानुसार विशेषज्ञ बाट परामर्श लिन सक्नेछ तथा समितिले आवश्यक ठानेमा अन्तिम निर्णयको लागि नेपासको केन्द्रीय कार्य समितिमा सिफारिस गर्न सक्नेछ।

***सन्दर्भ सामाग्री*** *नेपाल पेडियाट्रिक सोसाइटीको विधान२०४३ लाई संशोधन गरी बनाइएको संशोधित विधान २०७५ को परिच्छेद २ को दफा ७ (छ) को देहायका उप दफाहरू तथा नेपास योजना अनुसन्धान तथा विस्तार समिति कार्यविधि २०८० मा आधारित रही यो अनुसन्धान अनुदान कार्यविधि २०८० तर्जुमा गरिएको हो।*

*नेपाल पेडियाट्रिक सोसाइटीको संशोधित विधान २०७५ को परिच्छेद २ को दफा ७ मा उल्लिखित उप दफाहरू:*

*उप दफा (घ): सोसाइटी सञ्चालनको निम्ती अनुदान, चन्दा वा दान दातव्य ग्रहण गर्ने।*

*उप दफा (ङ): सोसाइटीको कामको निम्ती कुनै पनि राष्ट्रिय र अन्तरराष्ट्रिय संस्था वा निकाय, व्यक्तिसँग नगद जिन्सी तथा प्राविधिक सहयोग अनुदान लिने।*

*उप दफा (छ): बाल स्वास्थ्य सँग सम्बन्धित विषयहरूमा शोध तथा अनुसन्धान कार्यहरू गर्ने।*

अनुसूची-१

(परिच्छेद- २ को दफा-८ सँग सम्बन्धित)

**<u>नेपास बाल स्वास्थ्य परिचारिका अनुसन्धान अनुदान सम्झौता पत्र</u>**

लिखितम् नेपाल पिडियाट्रीक सोसाईटिद्वारा (यस पछी प्रथम पक्ष भनिएको) बाल स्वास्थ्यका क्षेत्रमा अनुसन्धान गर्नका लागि प्रदान गरिने "नेपास बाल स्वास्थ्य परिचारिका अनुसन्धान अनुदान.................(साल) श्री……………………………………………………………………लाई (यसपछी दोश्रो पक्ष भनिएको) प्रदान गर्ने प्रथम पक्षको केन्द्रिय कार्य समितिको मिती…………………………को निर्णय बमोजिम प्रथम पक्ष र दोश्रो पक्ष बिच देहायका शर्त सिमा भित्र रहि, कुल धनराशी रु २०,००० (अक्षरेपी रु बिस हजार मात्र) सहितको यो "नेपास बाल स्वास्थ्य परिचारिका अनुसन्धान अनुदान" …………………………………………शिर्षकमा अनुसन्धान गर्नका लागि प्रथम पक्षले दोश्रो पक्षलाई उपलब्ध गराउन मन्जुर भई यो सम्झौता पत्रमा हस्ताक्षर गरी सो को एक एक प्रति लियौं / दियौं।

**शर्त सिमाहरु**

१. प्रथम पक्षले दोश्रो पक्षलाई प्रदान गर्ने कुल अनुदान रकमको पहिलो किस्ताको ५०% रकम यो सम्झौता पत्रमा दुबै पक्षको हस्ताक्षर पछी अनुसन्धान सुरु गर्दाका बखत प्रथम पक्षले दोश्रो पक्षलाई उपलब्ध गराउनेछ। दोश्रो किस्ताको २५% रकम अनुसन्धान कार्यको प्रस्तावित समय सीमाको मध्य भागमा र अन्तिम किस्ताको बाँकी २५% रकम प्रमुख अनुसन्धान कर्ताले अनुसन्धान सम्पन्न भएको आधिकारिक रुपमा जानकारी गराए पश्चात् प्रथम पक्षले दोश्रो पक्षलाई उपलब्ध गराउनेछ।

२. दोश्रो पक्षले तोकिएको अवधी भित्र अनुसन्धान सम्पन्न गरी सो को प्रतिवेदन नेपासको अनुसन्धान शाखामा बुझाउनु पर्नेछ। नेपासको अनुसन्धान शाखाले अनुसन्धानको अन्तिम प्रतिवेदन प्राप्त गरे पश्चातमात्रै दोश्रो पक्षले आधिकारिक रुपमा जानकारी गराएको मानिने छ।

३. दोश्रो पक्षले अनुसन्धान सम्पन्न गरी सो को अन्तिम प्रतिवेदन प्रथम पक्ष लाई बुझाए पश्चात उक्त अनुसन्धानको पुर्ण स्वामित्व प्रथम पक्षमा निहित रहनेछ। प्रथम पक्षको अनुमती बिना दोश्रो पक्षले अनुसन्धान मा कुनै संशोधन वा परिमार्जन गरी राष्ट्रीय अन्तराष्ट्रीय स्तर मा कही कतै प्रकाशन लगायतका कार्य गर्न गराउन पाउने छैन।

४. दोश्रो पक्षले प्रकाशनका लागी उक्त अनुसन्धान पत्र प्रथम पक्षको जर्नल (JNPS) मा अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।

५. प्रथम पक्षले उक्त अनुसन्धान पत्रलाई कुनै पनि शैक्षिक कार्यक्रम वा सम्मेलनमा प्रस्तुतिका लागी उपयुक्त ठानेमा प्रथम पक्षद्वारा आयोजित वा तोकिएको कार्यक्रमहरुमा दोश्रो पक्षले तोकिए बमोजिम प्रस्तुतिकरण दिनुपर्नेछ।

६. दोश्रो पक्षबाट यस सम्झौता पत्रमा हस्ताक्षर पश्चात यसमा भएका शर्त सिमाको उल्लंघन हुने गरी कुनै पनि कार्य गरे गराइएको पाईएमा प्रथम पक्षले स्पष्टिकरण सोध्न सक्नेछ। दोश्रो पक्षले स्पष्टिकरणको जवाफ नदिएको अथवा

दिएको स्पष्टिकरण प्रथम पक्षलाई चित्तबुझ्दो नभएको खण्डमा प्रथम पक्षले दोश्रो पक्षलाई निम्नानुसार कारवाही गर्न सक्नेछ।

क. प्रथम पक्षद्वारा भविष्यमा प्रदान गरिने कुनै पनि सेवा सुविधाका लागी दोश्रो पक्षलाई अयोग्य घोषित गरिने छ।

ख. दोश्रो पक्षको काम कारवाहीबाट प्रथम पक्षलाई भएको हानी नोक्सानिको मुल्याङ्कन गरी प्रचलित कानुन बमोजिम दोश्रो पक्षबाट असुलउपर गरिनेछ।

**प्रथम पक्षको तर्फबाट**

दस्तखतः

नाम थरः

पदः

छापः

**दोश्रो पक्षको तर्फबाट**

दस्तखतः

नाम थरः

पदः

**साक्षीहरु**

यो सम्झौता पत्र हामी साक्षीहरुको रोहवरमा प्रथम पक्षको कार्यालयमा बसी हस्ताक्षर गरीएको हो।

१. ……………………………………जिल्ला...................................................महा/उप महा /न पा /गा पा वडा नं……………… बस्ने वर्ष…………..को श्री……………………………………………………………………………

२. ……………………………………जिल्ला..........................................महा/उप महा /न पा /गा पा वडा नं………. बस्ने वर्ष……….को श्री……………………………………………………………………………

३. ……………………………………जिल्ला..........................................महा/उप महा /न पा /गा पा वडा नं………. बस्ने वर्ष……….को श्री……………………………………………………………………………

ईती सम्वत……………… साल ………………महिना………गते रोज……………….. शुभम्

अनुसूची-२

## नेपास बाल स्वास्थ्य परिचारिका अनुसन्धान अनुदान योग्यता, मापदण्ड र शर्तहरू
## (Eligibility Criteria and Conditions for NEPAS-Paediatric Nursing Research Grant)

1. This grant can only be given to paediatric nurses who have completed their Master's in paediatric nursing or if there are no candidates from the former the grant will be given to nurses who have completed their Bachelors in Pediatric Nursing and are working in Nepal.
2. They need to have completed their MN in Paediatric Nursing or Bachelors in Pediatric Nursing from an institution recognised by MEC/NMC/NNC and verified by an equivalence certificate from universities of Nepal.
3. The grant is generally meant to be awarded to support the funding of research work (usually utilized for the purpose of procuring reagents, kits, or for covering cost of laboratory investigations, minor equipment, administrative & managerial work, hiring human resource etc.)
4. The proposal should have been cleared by the IRB of the concerned Institution/College/University/Hospital/NHRC.
5. The researcher submitting the proposal should be the Principal Investigator (PI) of the project.
6. A contract paper of understanding will be signed by the PI.
7. The research work should not be in regard to clinical trials for regulatory purpose, or with involvement of any pharmaceutical company.
8. The PI and supervisor involved in research project will ensure that they submit their works in JNEPAS compulsorily, as in the signed contract. In case otherwise, the PI should mention this in the proposal itself and get official permission from NEPAS beforehand. If any individual is found to have submitted or published it in any journal other than JNPS without prior permission, then he/she and the team of authors will be asked to write a letter of explanation which if not submitted will be blacklisted and will not be given any such opportunities in the future.
9. The work should be conducted during the stipulated time given by the research unit of NEPAS which includes data analysis and report preparation (usually one year of grant approval).
10. The PI will need to submit a table of costs with receipt after completion of the project.
11. The decision of NEPAS shall be final.
12. Further details can be found in the website www.nepas.org.np or in the office of NEPAS E-Mail: grantnepas@gmail.com, nepas2010@gmail.com